Akron Children's Hospital

# स्वास्थ्य सेवासम्बन्धी जानकारी

## शिशुहरूका लागि आमाको स्तनको दूधका फाइदाहरू

**शिशुहरूका लागि आमाको स्तनको दूधका फाइदाहरू के-के छन्?**

- विशेषगरी तपाईंको बच्चाका आवश्यकताहरूका लागि तयार गरिएको
- दूधको संघटन तपाईंको बच्चाको उमेर र चरणहरूसँगै परिवर्तन हुन्छ
- कोलोस्ट्रममा प्रोटिन, खनिज र एन्टिबडीहरूको मात्रा उच्च हुन्छ
- बच्चालाई फर्मुलाभन्दा स्तनको दूध पचाउन सजिलो हुन्छ
- यसमा हर्मोन, इन्जाइम, विकासका कारक र धेरै सुरक्षात्मक कारकहरू समावेश हुन्छन्
- यो तपाईंको बच्चाको प्रतिरक्षा प्रणालीको विकासका लागि महत्त्वपूर्ण हुन्छ
- मस्तिष्क विकास र संज्ञानातमक स्कोर (सोच्ने क्षमता) धेरै हुन्छ
- पेटका समस्याहरू र झाडापखाला लाग्ने जोखिम कम हुन्छ
- कानको सङ्क्रमण हुने जोखिम कम हुन्छ
- श्वासप्रश्वासको बिमारी हुने जोखिम कम हुन्छ
- दमरोग हुने जोखिम कम हुन्छ
- डर्माटाटिस (छालाका समस्याहरू) हुने जोखिम कम हुन्छ
- बाल्यावस्था क्यान्सरहरू हुने जोखिम कम हुन्छ
- दाँतमा क्याभिटीहरू हुने जोखिम कम हुन्छ
- टाइप I मधुमेह हुने जोखिम कम हुन्छ
- अचानक शिशुको मृत्यु हुने सिन्ड्रोमको जोखिम कम हुन्छ
- मूत्रमार्गको सङ्क्रमण हुने जोखिम कम हुन्छ
- वयस्कहरूलाई जस्तै कोरोनरी धमनी रोग हुने जोखिम कम हुन्छ
- स्वस्थकर पेटका लागि लाभदायक (राम्रा) ब्याक्टेरिया समावेश हुन्छ

**समय नपुगी जन्मिएका शिशुहरूका लागि आमाको स्तनको दूध किन राम्रो हुन्छ?**

- यसमा प्रोटिन, लिपिड, फ्याट्टी एसिड र प्रतिरक्षा कारकहरूको स्तर उच्च हुन्छ
- मस्तिष्क विकास धेरै हुन्छ
- अपरिपक्कताको रेटिनोप्याथी (अन्धोपन गराउन सक्ने आँखाको विकार) हुने जोखिम कम हुन्छ
- एन्टी-इन्फ्लेमेटरी एजेन्टहरूको स्तर उच्च हुन्छ
- निश्चित ब्याक्टेरिया र यिस्ट विकास हुनबाट रोक्ने ल्याक्टोफेरिनको स्तर उच्च हुन्छ
- नेक्रोटाइजिङ इन्टेरोकोलिटिस (नवजात शिशुहरूको आन्द्राको गम्भीर बिमारी) हुने जोखिम कम हुन्च
- नियोनेटल सेप्सिस (रगतको सङ्क्रमण) हुने जोखिम कम हुन्छ

तपाईंसँग प्रश्नहरू भएमा तपाईंको बच्चाको स्वास्थ्य स्याहार टोलीका सदस्यलाई सोध्नुहोस्।

*यो जानकारीले तपाईंका प्रदायकको चिकित्सा सल्लाह, उपचार योजना वा तपाईंका नर्स वा अन्य स्वास्थ्य सेवा प्रदायकले उपलब्ध गराएको जानकारीलाई प्रतिस्थापन गर्दैन। आफ्नो व्यक्तिगत स्वास्थ्य सेवा योजनाको सदैव पालना गर्नुहोस्। यस पानामा कुनै पनि कुरालाई चिकित्सकीय सल्लाह, निदान वा उपचार मानिने छैन। तपाईंसँग यो वा अन्य कुनै चिकित्सा जानकारीको बारेमा प्रश्नहरू छन् भने तपाईंको हेरचाह प्रदायकसँग कुरा गर्नुहोस्। तपाईंलाई तत्काल चिकित्सा ध्यान चाहिन्छ भने तुरुन्तै मद्दत खोज्नुहोस्। तपाईं अस्पताल बाहिर हुनु हुन्छ भने 911 मा फोन गर्नुहोस्। तपाईं अस्पतालमा भर्ना भएको बिरामी हुनुहुन्छ भने मद्दतका लागि आफ्ना नर्स वा तपाईंको हेरचाह टोलीका अन्य सदस्यलाई भन्नुहोस्।*

**कर्मचारीलाई बिरामी र परिवारहरूका लागि निःशुल्क रूपमा उपलब्ध हुने दोभासे र अन्य भाषा पहुँचसम्बन्धी सेवा तथा सहायताहरूका लागि अनुरोध गर्नुहोस्।**
Pregunte a un miembro del personal acerca de los intérpretes y otros servicios y ayuda para el acceso al idioma que están a su disponibilidad sin costo alguno.

Akron Children's Hospital

# स्वास्थ्य सेवासम्बन्धी जानकारी

9/2023

*यो जानकारीले तपाईंका प्रदायकको चिकित्सा सल्लाह, उपचार योजना वा तपाईंका नर्स वा अन्य स्वास्थ्य सेवा प्रदायकले उपलब्ध गराएको जानकारीलाई प्रतिस्थापन गर्दैन। आफ्नो व्यक्तिगत स्वास्थ्य सेवा योजनाको सदैव पालना गर्नुहोस्। यस पानामा कुनै पनि कुरालाई चिकित्सकीय सल्लाह, निदान वा उपचार मानिने छैन। तपाईंसँग यो वा अन्य कुनै चिकित्सा जानकारीको बारेमा प्रश्नहरू छन् भने तपाईंको हेरचाह प्रदायकसँग कुरा गर्नुहोस्। तपाईंलाई तत्काल चिकित्सा ध्यान चाहिन्छ भने तुरुन्तै मद्दत खोज्नुहोस्। तपाईं अस्पताल बाहिर हुनु हुन्छ भने 911 मा फोन गर्नुहोस्। तपाईं अस्पतालमा भर्ना भएको बिरामी हुनुहुन्छ भने मद्दतका लागि आफ्ना नर्स वा तपाईंको हेरचाह टोलीका अन्य सदस्यलाई भन्नुहोस्।*

**कर्मचारीलाई बिरामी र परिवारहरूका लागि निःशुल्क रूपमा उपलब्ध हुने दोभासे र अन्य भाषा पहुँचसम्बन्धी सेवा तथा सहायताहरूका लागि अनुरोध गर्नुहोस्।**

**Pregunte a un miembro del personal acerca de los intérpretes y otros servicios y ayuda para el acceso al idioma que están a su disponibilidad sin costo alguno.**